का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

<u>**Attn: News Desk**</u>  स्थापित : २०६९, काठमाडौं ।  मिति : २०८१/०२/२५

**Weekly Chart**




| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/02/20 | Sunday | 1,21,745 | 1,42,000 | 1586 | 1850 |
| 2081/02/21 | Monday | 1,20,885 | 1,41,000 | 1,573 | 1,835 |
| 2081/02/22 | Tuesday | 1,22,345 | 1,42,700 | 1,595 | 1,860 |
| 2081/02/23 | Wednesday | 1,21,915 | 1,42,200 | 1,565 | 1,825 |
| 2081/02/24 | Thursday | 1,23,455 | 1,44,000 | 1,586 | 1,850 |
| 2081/02/25 | Friday | 1,24,315 | 1,45,000 | 1,629 | 1,900 |

### सुनको मुल्यले यो साता पनि  राख्यो रेकर्ड, अमेरिकी डलरको मुल्यमा आएको उतार चढाव मुख्य कारण

यो साता पनि बिश्व बजारमा सुनको मुल्यले उच्च रेकर्ड कायम गरेको छ । अमेरिकी डलरको मुल्यमा आएको तिव्र उतार चढावका कारण लगानीकर्ताहरु सुरक्षित लगानी तर्फ आकर्षित हुंदा सुनको मुल्यमा चाप परेको बिश्लेषकहरुले बताएका छन् । बिश्व बजारमा साताको दोस्रो र चौथो दिन सामान्य तल झरेको मुल्य अन्य दिनहरुमा भने बढ्यो । साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार मुल्यले रेकर्ड राखेको छ ।

नेपाली बजारमा पनि यो साता सुनको मुल्यले नयाँ उचाई कायम गरेको छ । सरकारले आगामी आर्थिक बर्षको बजेट बक्तब्य मार्फत सुनको भन्सार दरमा गरेको बृद्धिका कारण अघिल्लो साता पनि बढेको मुल्यमा बिश्व बजारमा आएको प्रभावले नेपाली बजारमा यो साता पनि मुल्यले रेकर्ड राख्यो । साताको दोस्रो र चौथो दिन सामान्य घटेको सुनको मुल्य पाचौं दिन उकालो लाग्यो साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार हालसम्मकै उच्च अर्थात प्रति १० ग्राम १ लाख २४ हजार ३ सय १५ रुपैयाँ पुगेर नयाँ रेकर्ड राखेको हो ।साताको पहिलो दिनको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबारको मुल्य प्रति १० ग्राम २ हजार ५ सय ७० रुपैयाँ बढी हो ।

यो साता नेपाली बजारमा चाँदीको मुल्य पनि बढेको छ । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ हजार ५ सय ८६ रहेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ६ सय २९ रुपैयाँ कायम भयो ।

धर्मसुन्दर बज्राचार्य
**महासचिव**